# तमु धीं जापान

(१९९५ / २०१८ / २०२३ को संशोधित प्रस्ताब बिधान **२०२५** )

संयोजक : ओम गुरुङ

सदस्यहरु : श्री गुरुङ

- : रमेश कुमार गुरुङ
- : हर्क गुरुङ
- : हिमाली गुरुङ
- : गिरि प्रसाद गुरुङ
- : बिनय गुरुङ

************************************

## प्रस्तावना :

नेपालका तमु (गुरुङ ) आदिम युग देखि आज सम्म आफ्नै भाषा,धर्म,भेषभुषा, संस्कार साँस्कृति र परम्परमा आधारित प्येता ल्हुता अपनाउदै आएकाछन् ! अहिले तमु जातिहरु संसारका धेरै देशहरु लगायत विभिन्न ठाउँहरुमा बसोबास गरिरहेका छन् ! तमुहरुको परम्परा,भाषा,प्ये (धर्मशास्त्र) र संस्कार सस्कृति संरक्षण र सम्बर्दन गर्ने उद्देश्यले सन् १९९५ मा तमु धीं जापानको स्थापना गरिएको हो ! यो संस्थालाई क्रियाशील र प्रभाबकारी बनाई संस्थागत रुपमा संचालन गर्न विधानको जरुरी भएकोले यो बिधान तर्जुमा गरि जारी गरिएको छ !

## परिच्छेद – १

१. यस सस्थाको नाम प्रारम्भ र ढाँचा

१.१ – यस संस्थाको नाम नेपालीमा तमु धीं जापान हुनेछ, अग्रेजीमा Tamu Dhin Japan तथा छोटकरीमा TDJ भनिने छ साथै जापानिज भाषामा – खाईगाइ NPO **タム ディ ジャパン** ( एनपीओ होजिन तमु धीं जापान भनिने छ !

१.२ – यस संस्थालाई जापान सरकारमा ( NPO ) Non Profit Organization को रुपमा सन् २००९/०३/२५ मा दर्ता गरिएको छ !

१.३- यस संस्थाको प्रतिक चिन्ह माथि / अन्तमा राखे बोमोजिम हुनेछ !

१.४ - यस संस्थाको मुख्य कार्यालय टोकियोमा रहने छ !

१.५ - यस संस्था मुख्यत मुनाफा नकमाउने उद्देश्य भएकी एक अविच्छिन्न उत्तराधिकारवाला संस्था मानिन्छ !

१.६ - यस संस्थाले कुनै पनि देशको राजनीतिक पार्टी अथवा धर्मको पक्ष लिएर बोल्ने र प्रचार प्रसार गर्ने छैन !

१.७ - यस संस्थाले व्यक्ति सरह चल-अचल सम्पत्ति खरिद बिक्रि गर्ने,बन्धक राख्न,दानदताब्य लिन वा दिन सकिने छ र नालिस उजुर गर्न सक्ने छ !

१.८ – यस संस्थाले आवश्यकता अनुसार धीं को क्षेत्रीय समिति खोल्नु परेमा सो ठाउँमा बस्ति भएका तमुहरु (गुरुङ) को जनसंख्या, स्थान र क्षेत्र हेरी संरक्षक ज्युहरु, सल्लाहकार ज्युहरु र कार्यसमितिका पदाधिकारी हरुको सल्लाह अनुसार खोल्न सकिने छ !

१.९- यस संस्थाको वेब साईडको नाम official Website of Tamu Dhin Japan र वेब साईटको ठेगाना www.tamudhinjapan95.com रहने छ !

२. परिभाषा

२.१- तमु धीं जापान भन्नाले जापानमा बसोबास गर्ने सम्पूर्ण तमु ( गुरुङ ) जातिहरुलाई समेट्ने संस्थालाई जनाउछ !

२.२- बिधान भन्नाले तमु धीं जापानको संशोधित बिधान **२०२५** लाई सम्झनु पर्छ !

२.३- केन्द्रीय कार्यसमिति भन्नाले तमु धीं जापानलाई कार्य रुप दिन गठन गरिएको कार्यसमितिलाई सम्झनु पर्दछ !

२.४- क्षेत्रीय कार्यसमिति भन्नाले धींको क्षेत्रीय समितिलाई कार्य रुप दिन गठन गरिएको कार्य समितिलाई सम्झनु पर्छ !

२.५- वेब साईट भन्नाले www.tamudhinjapan95.com लाई जनाउने छ !

२.६- अध्यक्ष,उपाध्यक्ष,महासचिब,सचिब,उपसचिव,कोषध्यक्ष,सह-कोषध्यक्ष,प्रबक्ता र सदस्यहरुलाई जनाउदा छ !

---

## परिच्छेद – २

लक्ष्य र उद्देश्य

३. यस संस्थाको लक्ष्य र उदेश्य

३.१- यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ !

३.२- जापान अधिराज्य भर प्रबासित तमु अर्थात् गुरुङहरु लाई संगठित गर्दै एक आपसमा
सम्पर्क,समन्वय,
सहयोग,सदभाब र सु-मधुर सम्बन्धको बिकासमा अभिबृद्दि गर्ने !

३.३- जापान अधिराज्यभर प्रबासित तमु ( गुरुङ ), आदिबासी जनजाति लगायत सम्पूर्ण नेपाली नागरिकहरु लाई नेपालको आर्थिक तथा सामाजिक कृयाकलापहरुमा संलग्न गराई देश बिकासमा टेवा पुर्याउने छ !

३.४- जापानमा रहदा प्राप्त गरेको ज्ञान,सीप,पुंजी र प्रविधिहरुको नेपालमा प्रयोग गर्नको लागि उपयुक्त आयोजनाहरुको माध्यमद्वार कार्यन्वयन गर्न सक्रिय भूमिका निभाउने छ !

३.४- जापानमा रहेका सम्पूर्ण नेपालीहरुको हकहितको संरक्षक,सम्बर्धनका लागि जापानमा खोलिएका अन्य नेपाली संघ – संस्थाहरु संग आपसी सहकार्य गर्ने र एक आपसमा एकता र समझदारी सम्बन्धि प्रभाबकरिताको बृद्दि गर्ने !

३.६- नेपाल र जापान दुई देश बिचको मित्रताको सम्बन्धलाई अझ बढी प्रगाढ बनाउन उपयुक्त गोष्ठी,कार्यशाला,प्रभाचन र अनुसन्धानका योजनाहरु संचालन तथा रचनात्मक कार्यहरु गर्न सदा सक्रिय रहने !

३.७- जापानमा बस्ने नेपालीहरु माथि आई पर्ने मानब अधिकार सम्बन्धि समस्याहरुको साबधानका लागि पहल गर्ने !

३.८- तमु / गुरुङ जातिको आफ्नो मौलिक संस्कृति एवं साँस्कृतिक निधिहरुको संरक्षण सम्बर्धन र उत्थानमा जोड दिदै दुर्भाग्यबस जापानमा कार्यरत रहंदा कुनै दुर्घटना वा दुख आई परेको खण्डमा तमु धीं जापानले बिशेष रुपमा सहयोगको पहल गर्ने !

३.९- तमु / गुरुङ जाति लगायत अन्य संघ-संस्थाहरु संग मिलेर नेपाली संस्कृतिको प्रचार प्रसारको लागि जापानमा साँस्कृतिक कार्यक्रमहरु गर्ने !

३.१०- तमु / गुरुङ जातिको संस्कृति र भेषभुषाका बारेमा जान्न चाहनेहरुलाई पोस्टर,पम्प्लेट,किताब र वेब साईट मार्फत जानकारी गराउने !

३.११- तमु ( गुरुङ ) जाति तमु धीं जापानको सिफारिस बिना आदिबासी जनजाति महासंघ जापानको कुनै पनि पदमा उम्मेदवार वा पदाधिकारी हुन पाउने छैन !

३.१२- तमु धीं जापानको कोष वृद्धिको लागि नव निर्बाचित समितिका पदाधिकारी हरुले विधानमा तोकिएको रकम : अध्यक्ष येन २०,०००( २ मान ) उपाध्यक्ष,महासचिब,कोषध्यक्ष, संरक्षक तथा सल्लाहकार येन १०,००० ( १मान ) र बाँकी समितिका पदाधिकारीहरुले येन ५,००० रोयल्टी स्वरूप धींको कोषमा बुझाउनु पर्नेछ !

# परिच्छेद – ३

**सदस्यता**

४. सदस्यता ३ प्रकार

४.१- साधारण सदस्य ( General Member )

४.२- आजिबन सदस्य ( Life Member )

४.३- मानार्थ सदस्य ( Honorary Member )

४.१- साधारण सदस्य : यस संस्थाको लक्ष्य र उद्धेश्य र नीति प्रति पूर्ण आस्था राखी विधानले तोके बोमोजिमको सदस्यता (#१ ) शुल्क बुझाउने र संस्थाको हरेक कार्यक्रमहरुमा सक्दो सहभागी भै सहकार्य गर्न ईच्छुक तमु (गुरुङ) जातिहरुले यस संस्थाको सदस्यता लिन सकिने छ र साधारण सदस्यको समय अवधि कार्यसमितिको कार्यकाललाई मानिनेछ !

४.२.१- आजिबन सदस्य : यस संस्थाको लक्ष्य र उद्धेश्य र नीति प्रति पूर्ण आस्था राखी विधानले तोके बोमोजिमको सदस्यता (#१) (#२ ) शुल्क बुझाउने र संस्थाको हरेक कार्यक्रममा सक्दो सहभागी भै सहकार्य गर्न ईच्छुक तमु / गुरुङ जातिहरुले यस संस्थाको आजिबन सदस्यता लिन सकिने छ !

४.३.१- मानार्थ सदस्य : तमु / गुरुङ लगायत आदिबासी जनजातिहरुको ईतिहास,भाषा,संस्कृति र भेषभुषाको खोज अनुसन्धान र अन्वेषणको क्षेत्रमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा बिदेशी विद्धानहरु, नेपाल र जापान दुई देश बिचको मैत्री सम्बन्धलाई सुचारु दिन अहम भूमिका निर्बाह गर्ने महानुभाबहरु साथै यस संस्थाको हकहित र बिकाशको लागि सधै नजिकबाट (#३) सहयोग गर्नु हुने महानुभाबहरुलाई मानार्थ सदस्यताले सम्मान गरिने छ !

(#१) कार्यकारिणी समितिको सदस्यहरुको हकमा परिच्छेद -४ को बुंदा ७.१.१ र ७.३.१.१ लागु हुनेछ !

(# २) धीको सदस्यबाट राजिनामा दिएमा वा धींको बिधान बिपरित काम गरि सदस्यताको खारेजी भएको खण्डमा सदस्यता शुल्क फिर्ता हुने छैन साथै सदस्यतालाई अंश बंडाको रुपमा नामसारी गर्न पाईने छैन !

( #३) नगत र जिन्सी सहयोग मान्य हुने छैन !

**५ – सदस्यता शुल्क र नबिकरण**

५.१ – साधारण सदस्य : २००० येन (२ बर्ष नबिकरण हुनु पर्ने )

५.२ – आजिबन सदस्य : ३०,००० येन

५.३ – मानार्थ सदस्य : चन्दा स्वरूप आफ्नो इच्छा बमोजिम

५.४  – परिच्छेद -३ को बुंदा ४.१.१ र ४.१.२ मा उल्लेखित कुराको मान्य हुने जो सुकैले पनि संस्थाको सदस्यता लिन चाहेमा सदस्यताको लागि संस्थाको विधानले तोके बोमोजिमको शुल्क राखी एक प्रति फोटो सहितको दर्खास्त फारम संस्थाको कार्यालयमा पठाउनु पर्नेछ ( * १ ),दर्खास्त फाराम र कार्यालयको ठेगाना संस्थाको वेब साईट मार्फत उपलब्ध गराउने छ !

५.५ – सदस्यको अवधि २ बर्ष ( Jan – Dec ) को हुनेछ र सदस्यता प्राप्त गरेको महिनालाई आधार मानी प्रत्येक २ बर्षमा सदस्यता नबिकरण गर्नु पर्नेछ !

( * १ ) दर्खास्तलाई मन्जुर गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यसमितिमा रहेको हुन्छ,दर्खास्त मन्जुर नभएको खण्डमा सदस्यता शुल्कको निम्ति पठाएको रकम र फोटो फिर्ता गर्नु पर्नेछ !

**६ – <u>सदस्यताको खारेजी</u>**

६.१ – तमु धीं जापानको सदस्यबाट राजिनामा दिएमा !

६.२ – तमु धीं जापानको बिधान बिपरित काम गरेमा !

६.३ – सदस्यता नबिकरण नगरेमा !

# <u>परिच्छेद – ४</u>

**कार्यकारिणी समिति**

७ – कार्यकारिणी समिति : यस संस्थाको कार्यकारिणी समितिलाई तमु धीं जापान केन्द्रीय कार्यकारिणी समिति भनिनेछ !

---

**७.१ – तमु धीं जापान केन्द्रीय समितिमा** :

- अध्यक्ष १
- उपाध्यक्ष ४ ( १ जना महिला उपाध्यक्ष )
- उपाध्यक्ष ( १ क्षेत्रीय )
- महासचिब १
- सचिब २
- कोषध्यक्ष १
- सह-कोषध्यक्ष १
- प्रबक्ता १
- सदस्यहरु ९

# तमु धीं जापानको केन्द्रीय समितिमा साधारण सभाबाट २१ जना निर्बाचित हुनेछन !

७.१.१- केन्द्रीय समितिको पदाधिकारी र सदस्यहरुले समिति संचालन गर्नको लागि प्रति महिना तोके बमोजिम सदस्यता शुल्क बुझाउनु पर्नेछ !

७.१.२ – जापानमा बस्ने गुरुङहरु ( तमु ) (#परिच्छेद १.८ ) को मध्ये नजर गर्दै क्षेत्रीय समितिहरुको गठन गर्न सकिने छ ! क्षेत्रीय समितिहरुको अध्यक्ष र महासचिब केन्द्रीय समितिको पदेन सदस्य हुनेछ !

क्षेत्रीय कार्यकारिणी समितिको सदस्यहरुले केन्द्रीय कार्यकारिणी समितिको कुनै पनि बैठकमा आमन्त्रित सदस्यको रुपमा उपस्थित हुन सक्नेछ !

७.१.३ – क्षेत्रीय समितिको नाम तमु धीं क्षेत्रको नाम र कार्यकारिणी समितिलाई तमु धीं क्षेत्रको नाम कार्यकारिणी समिति भनिने छ ! केन्द्र र क्षेत्र बीच समन्वयमा विभिन्न कामहरु गरिनेछ !

७.१.३.१ - क्षेत्रीय समितिममा: अध्यक्ष १, उपाध्यक्ष २, महासचिब १, सचिब १,सह-सचिब १ , कोषध्यक्ष १, सह-कोषध्यक्ष १, प्रबक्ता १ र समिति ६ सदस्य गरि १५ जना र बढीमा १८ जना निर्बाचित हुनेछ !

७.१.३.२- केन्द्र र क्षेत्रीय समितिको पदाधिकारी र सदस्यहरुले समिति संचालन गर्नको प्रति महिना तोके बोमोजिम सदस्यता शुल्क बुझाउनु पर्नेछ !

७.१.३.३- क्षेत्रीय समितिहरुले सदस्यता शुल्क लगायत चन्दा तथा उपहार प्रकाशन बिक्रि तथा बिज्ञापन,साँस्कृतिक कार्यक्रम,सेमिनार,गोष्ठी,तालिम आयोजना,परामर्श सेवाबाट,बिबिध श्रोतबाट आर्जन आम्दानीको १०% ( दश प्रतिशत) केन्द्रीय समितिलाई रोयल्टी स्वरूप बुझाउनु पर्नेछ !

७.१.३.४- केन्द्रीय समितिले कुनै पनि समय क्षेत्रीय समितिहरुको आयव्ययको विवरण ( कोष तथा लेखा परिक्षण ) लगायत बिगत र हलको क्रियाकलापहरु र भविष्यको योजनाहरु जान्न चाहेको खण्डमा सजक र सरल तरिकाले जानकारीहरु उपलब्ध गराउनु पर्नेछ !

७.१.३.५- क्षेत्रीय समितिहरुले केन्द्रीय समिति सरह संस्थाबाट पाउने सुविधाहरु भोग चलन गर्न पाउने छन् !

७.१.३.६- क्षेत्रीय समितिहरुको बिघटन भएमा समितिको चल अचल सम्पत्ति सबै केन्द्रीय समितिलाई हस्तारन्तर गर्नु पर्नेछ !

७.१.४- केन्द्रीय समिति सदस्य लगायत क्षेत्रीय समितिहरुको पदाधिकारी हुनका लागि अनिबार्य रुपमा यस संस्था ( धीं ) को साधारण सदस्यता प्राप्त गरेको हुनु पर्नेछ !

७.१.५- कुनै एक क्षेत्रीय समिति गठन भएको खण्डमा अन्य क्षेत्रीय समितिहरुको गठन बिघटन लगायतका कुनै पनि गहन बिषय माथि निर्णय गर्नु पर्दा केन्द्रीय कार्यसमितिले आफ्नो वेबसाईट मार्फत घटीमा १ महिना ( ३०दिन ) अगाडि सूचना प्रकाशित गरि आफ्ना समितिका सबै सदस्यहरु लगायत क्षेत्रीय कार्यकारिणी समितिहरुको सदस्यहरु र इच्छुक साधारण सदस्यहरुको बिशेष सभा बोलाई बहुमतबाट पारित गराउनु पर्नेछ र सभाले पारित गरेको कुरा ७ दिन भित्र आफ्नो वेबसाईट मार्फत सबै साधारण सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ !

७.१.६ – केन्द्र र क्षेत्रमा आवश्यकता अनुसार विभिन्न विभागहरु गठन गर्न सकिनेछ !

---

## ८. <u>केन्द्रीय तथा क्षेत्रीय समितिहरुको सदस्यको खारेजी</u>

८.१ – संस्थाको सदस्यबाट राजिनामा दिएमा !

८.२ – संस्थाको बिधान बिपरित काम गरेमा !

८.३ – मृत्यु भएमा !

८.४ – साधारण सदस्यता नबिकरण नगरेको खण्डमा !

८.५ – समितिलाई कुनै जानकारी बिना ३ पटक लगातार नियमित बैठकमा उपस्थिति नभएमा !

८.६ – कुनै कारणबश जापान बाहिर रहेको अवस्थामा वा समन्वय समितिलाई चित्त बुझ्दो कारण दिएको खण्डमा भने माथिको ८.५ परिच्छेद लागु हुने छैन !

**९ . <u>केन्द्रीय र क्षेत्रीय समितिहरुको सदस्यको पदावधि अविश्वासको प्रस्ताब र पदपूर्ति</u>**

९.१ – केन्द्रीय तथा क्षेत्रीय समिति पदावधि २ बर्षको हुनेछ !

९.२ – केन्द्रीय र क्षेत्रीय समितिका सबै वा कुनै पदाधिकारीले बिधान बोमोजिम काम नगरेको भन्ने लागेमा साधारण सदस्यको कम्तिमा २५ प्रतिशत सदस्यहरुले लिखित अविश्वासको प्रस्ताब समन्वय समितिमा पेश गर्न सकिने र प्रस्ताब प्राप्त भएको १ महिना (३० दिन ) भित्रमा समितिले बिशेष अधिबेशन बोलाउनु पर्नेछ ! उपस्थिति सदस्यहरुको बहुमतले त्यस्तो प्रस्तावको पक्षमा मतदान गरेमा अविश्वासको प्रस्ताब पारित भएको मानिने छ !

९.३ – केन्द्रीय र क्षेत्रीय समितिका अध्यक्षको पदावधि २ कार्य ( दुई ) भन्नाले ४ बर्ष सम्ममा सिमित हुनेछ !

९.४ – अध्यक्षको पद रिक्त हुन आएमा अर्को अधिबेशन वा साधारण सभा नभए सम्म कार्यकारिणी उपाध्यक्षले कार्यबाहक अध्यक्ष भई काम गर्नेछ ! अध्यक्ष बाहेकका अन्य कुनै पनि पदरिक्त हुन आएमा कार्य समितिले सक्षम व्यक्तिलाई रिक्त पदमा पदपूर्ति गर्नेछ !

९.५- अध्यक्षले संरक्षक सल्लाहकार ज्युहरु मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछ !

**१०** – **<u>संरक्षक र सल्लाहकारहरु</u>**

<u>१०.१ – वर्तमान कार्यसमितिले आजिबन सदस्य बनेका तथा तमु धीं जापानलाई बिशेष योगदान दिएका बरिष्ठ तमु ( गुरुङ) हरुलाई क्षमता हेरी आवश्यकता अनुसार संरक्षक र सल्लाहकारमा मनोनयन गर्न सकिनेछ !</u>

<u>१०.२ – संरक्षक तथा सल्लाहकारमा मनोनित हुनको लागि अनिबार्य रुपमा आजिबन सदस्यता बन्नु पर्नेछ !</u>

**११** – **<u>काम, कर्तब्य र अधिकार</u>** :

**तमु धीं जापानको विधानको अधिनमा रहेर सम्पूर्ण तमु ( गुरुङ) हरुको हकहितको लागि धींले तोके बोमोजिमको कार्यहरु गर्नेछ !**

**११. १** – **<u>कार्यसमिति</u>**

११.१.१ – केन्द्रीय तथा क्षेत्रीय समितिको नियमित बैठक २ ( दुई ) महिनामा एक ( १ ) पटक बस्नेछ ! आवश्यकता परेमा अध्यक्षको परामर्श लिई महासचिवले कम्तिमा ७ दिन अगाडि सूचना दिई बैठक बोलाउनु पर्नेछ ! बैठकको गण पुरक संख्या ५१ % मानिनेछ !

११.१.२ – कुनै पनि कार्यसमितिका पदाधिकारीहरु बिना सूचना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थिति भएमा उक्त पद रिक्त भएको मानिनेछ ( ८.६ परिच्छेद लागु हुनेछ ) र बिधान बमोजिम कार्यसमितिले पद पूर्ति गरिनेछ !

११.१.३ – साधारण सभाले पारित गरेको सम्पूर्ण नीति निर्देशन लागु गर्ने !

११.१.४ – साधारण सभाको स्थान र मिति तोकेर साधारण सभा गर्ने र समितिको बार्षिक कार्यक्रम र प्रतिबेदन साधारण सभा समक्ष पेश गर्ने !

११.१.५ – कार्य समितिको कुनै पनि सदस्य र पदाधिकारीहरुले समितिको निर्णय बिना संस्थाको कुनै पनि चल अचल सम्पति प्रयोग गर्न पाइने छैन ! अध्यक्षको हकमा बुंदा ११.२- ५ र महासचिवको हकमा बुंदा ११.४- ५ लागु हुनेछ !

**११.२ – अध्यक्ष**

११.२.१ – संस्थालाई नेतृत्व दिने र समिति तथा साधारण सभाको सभापतित्व गर्ने !

११.२.२ – संस्थाको काम कारबाही तथा गतिविधिको सुपरिबेक्षण गर्ने र कार्यन्वयन गराउने !

११.२.३ – बैठकमा उपस्थित सदस्यहरु मध्ये बहुमंतको आधारमा अध्यक्षले निर्णय गर्नेछ र सो निर्णय सम्पूर्ण सदस्यहरुलाई मान्य हुनेछ ! यधपी बैठकमा विवाद उत्पन्न भई मतदानको स्थिति आएमा अध्यक्षले मतदानमा भाग लिन पाउने छैन तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछ !

११.२.४ – संस्थाको चलअचल सम्पतिको रेखदेख, नियन्त्रण र संभार गर्ने, गराउने !

११.२.५ – समितिको कार्य संचालनर्थ आवश्यकता परेमा एक लाख जापानिज येन १,००,००० ( दश मान ) सम्म महासचिब र कोषध्यक्षको सहमतिमा खर्च गर्न सक्नेछ तर सो खर्च कार्यसमितिले अनुमोदन गर्नु पर्नेछ !

११.२.६- देश बिदेशमा रहेका तमु ( गुरुङ ) लगायत आदिबासी जनजाति तथा सम्पूर्ण संघ – संस्थाहरु संग सम्बन्ध विस्तार तथा समन्वय गर्ने र गराउने !

११.२.७- अवाश्स्यकता अनुसार बैठक बोलाउन महासचिवलाई निर्देशन दिने !

११.२.८- तमु धीं जापानको हितको लागि आवश्यक अन्य सबै कार्यहरु गर्ने !

**११.३ – उपाध्यक्ष**

११.३.१ – अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गरि आएको कार्यहरु गर्ने !

११.३.२ – अध्यक्षले निर्णय गर्ने बिषयहरुमा अध्यक्षलाई सल्लाह दिने र सहयोग गर्ने !

**११.४ – महासचिब**

११.४.१ – समिति तथा साधारण सभाको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने र निर्णय पुस्तिका राख्ने !

११.४.२ – अध्यक्षको परामर्श अनुसार समितिको बैठक बोलाउने !

११.४.३ – कार्यलयको प्रशासकीय कार्यको रेखदेख नियन्त्रण गर्ने, निर्देशन दिने र पत्राचार गर्ने !

११.४.४ – अध्यक्षको परामर्शमा कार्य गर्ने !

११.४.५ – समितिको कार्य संचालनर्थ आवश्यकता परेमा जापानिज येन २०,००० ( दुई मान ) सम्म अध्यक्ष र कोषध्यक्षको सहमतिमा खर्च गर्न सक्नेछ तर सो खर्च कार्यसमितिले अनुमोदन गर्नु पर्नेछ !

**११.५ – सचिब**

११.५.१ – महासचिवको अनुपस्थितिमा महासचिवले गरि आएको सम्पूर्ण कार्यहरु गर्ने !

११.५.२ – महासचिवको कार्यलाई सहयोग पुर्याउने र सल्लाह दिने !

११.५.३ – महासचिवको परामर्श अनुसार कार्य गर्ने !

**<u>सचिब</u>** : महासचिबको अनुपस्थितिमा महासचिबले गरि आएको सम्पूर्ण कार्यहरु गर्ने र महासचिबको कार्यलाई सहयोग पुर्याउने र सल्लाह दिने साथै परामर्श अनुसार कार्य गर्ने !

कार्यसमितिको अवधि : सम्पूर्ण कार्यसमितिको अवधि १ कार्यकाल अर्थात् २ बर्षको हुनेछ !

**<u>११.६ – कोषध्यक्ष</u>**

११.६.१ – बार्षिक बजेट तयार गर्ने !

११.६.२ – आय-व्ययको विवरण अभिलेख राखेर साधारण सभामा बार्षिक आय व्ययको विवरण पेश गर्ने !

११.६.३ – अध्यक्ष संग सयुक्त हस्ताक्षरमा बैक खाता संचालन गर्ने र समितिको कोष संचालन गर्ने !

११.६.४ – कोषको बिकाशको लागि आवश्यक कार्यहरुको तय गर्ने र समितिको निर्णय अनुसार कार्य गर्ने !

**<u>सह-कोषध्यक्ष :</u>**

* कोषध्यक्षको अनुपस्थितिमा कोषध्यक्षको जिम्मेबारी सम्हाल्ने र कोषध्यक्षले गरि आएको सम्पूर्ण कार्यहरु गर्ने,सहयोग पुर्याउने र सल्लाह दिने !

* धीं कोष बिकासको लागि आवश्यक कार्यहरु तय गर्ने र समितिको निर्णय अनुसार तथा परामर्श अनुसार गर्य गर्ने !

## # प्रबक्ता :

* कार्यसमितिको अधिकारिक धारणा र निर्णयहरु सार्बजनिक गर्ने !

* वक्तब्य तथा समाचारहरु तयार गरि मिडियामा पठाउने !

* प्रकाशन सम्बन्धि जिम्मेबारी बहन गर्ने !

* अध्यक्ष,महासचिब तथा सचिवको कार्यमा सहयोग गर्ने !

**<u>११.७ – सदस्यहरु</u>**

११.७.१ – विधानमा उल्लेखित प्राप्तिको लागि समितिको निर्णय अनुसार काम गर्ने !

११.७.२ – बैठकमा उपस्थिति भई प्रस्तावित बिषय बस्तु माथि छलफल र निर्णय गर्ने वा निर्णयार्थ मत दिने !

११.७.३ – सामाजिक कार्य र कार्यक्रमहरुमा संस्थाको प्रतिनिधित्व गर्ने, संस्थाको चाड पर्ब जस्तै : रोधी साँझ, ल्होसार र बुद्धजयन्ती लगायतका बिबिध कार्यक्रमहरुमा एउटा जिन्मेबरी लिएर कार्यन्यन गर्ने वा गराउने !

( * १ ) संस्थाबाट पेस्की लिएर अथवा अरु कुनै स्रोतबाट आएको रकम संस्थाको काम बिशेष कुनै सदस्यले खर्च गरेको छ भने केन्द्रीय समितिको सदस्यको हकमा १ महिना ( ३० दिन ) र क्षेत्रीय कार्यसमितिको हकमा २ महिना ( ६० दिन ) भित्र सम्बन्धित कर्यसमितिबाट अनुमोदन गराई सक्नु पर्नेछ ! माथि तोकिएको अवधि बाहिरको कुनै पनि बिल भरपाई पेश, अनमोदन पेश गर्न पाउने छैन र गरेको भेटेको खण्डमा गर्ने गराउने र साक्षी बस्ने सबैले संघको बिधान बिपरित काम गरेको ठहर हुनेछ !

कुनै कारण बस समितिको बैठक समयमा हुन नसकेर लम्बिएको दिनको भने गणना हुने छैन, यस्तो अवस्था आई परेको खण्डमा के कति कारणले गर्दा अनुमोदन गर्न ढिलो हुन गएको हो भन्ने कुराको विवरण बैठक पुस्तिकामा प्रस्ट खुलाउनु पर्नेछ !

# परिच्छेद – ५

**साधारण सभा**

**१२ – महाधिबेशन र साधारण सभा :**

*** २** बर्षमा महाधिबेशन गरिने छ र यसै महाधिबेशनबाट नयाँ कार्यसमिति छायाँ गरिने छ !

१२.१ – संस्थाको सम्पूर्ण साधारण सदस्यहरुको भेलालाई साधारण सभा मानिनेछ !

१२.२ – हरेक बर्ष साधारण सभा हुनेछ !

१२.३ – साधारण सभाको गण पुरक संख्या सम्पूर्ण सदस्यहरुको ५१ % ( प्रतिशत ) लाई मानिनेछ !

१२.४ – साधारण सभामा महासचिवले बार्षिक प्रतिबेदन र कोषध्यक्षले लेखा प्रतिबेदन पेश गरि सभामा पारित गराउनु पर्छ !

१२.५ – केन्द्रीय समितिले चाहेमा खण्डमा जुनसुकै समयमा पनि बिशेष साधारण सभा बोलाउन सक्नेछ !

१२.६ – यस संस्थाका साधारण सदस्यको २५ % (प्रतिशत) सदस्यहरुले निक्षित कारण देखाई लिखित माग गरेमा बिशेष साधारण सभा बोलाउन सक्नेछ !

# परिच्छेद – ६

## कोष तथा लेखापरीक्षण

**१३ – आर्थिक आय :**

१३.१ – सदस्यता शुल्क !

१३.२ – बिबिध साँस्कृतिक कार्यक्रम !

१३.३ – प्रकाशन बिक्रि तथा बिज्ञापनबाट प्राप्त आम्दानी !

१३.४ – संस्कृतिक कार्यक्रम, सेमिनार, गोष्ठी ,तालिम आयोजना र परामर्श सेवाबाट प्राप्त आम्दानी !

१३.५ – चन्दा तथा उपहार !

१३.६ – बिबिध आम्दानी !

**१४ – आर्थिक बर्ष :**

१४.१ – आर्थिक बर्ष भन्नाले जनवरी १ तारिक देखि डिसेम्बर महिनाको ३१ तारिक सम्मलाई मानिने छ !

१४.२ – कोषध्यक्ष वा आर्थिक समितिले आयव्ययको विवरण बार्षिक साधारण सभा हुनु १५ दिन अगाबै कर्यसमितिबाट अनुमोदन गरि साधारण सभाका सदस्यहरुलाई पठाउनु पर्नेछ !

# परिच्छेद – ७

## निर्बाचन तथा मतदान

**१५ – निर्बाचन तथा मतदान**

१५.१ – केन्द्रीय समितिले निर्बाचन हुने मिति भन्दा १ महिना ( ३० दिन ) अगावै स्वच्छ छबि भएका कम्तिमा ३ जना तथा बढीमा ५ जनाको निर्बाचन समिति गठन गर्नु पर्नेछ ! गठित निर्बाचन समितिले आफ्नो कार्यविधि आफै तोक्ने छ !

१५.२ – निर्बाचन समिति गठन भए लगतै संस्थाको वेब साईट मार्फत निर्बाचन हुन गैरहेको कुरा सम्पूर्ण साधारण सदस्यहरुलाई अवगत गराउनु पर्नेछ !

१५.३ – हाल कार्यरत समितिको पदाधिकारीले साबिक कै पदमा बसेर उम्मेरवार दिन पाउने छ !

१५.४ – केन्द्रीय तथा क्षेत्रीय समितिको निर्बाचन सभामा भाग लिन वर्तमान कार्यसमिति,साधारण सदस्य र आजिबन सदस्य बनेका संरक्षक तथा सल्लाहकार हरुबाट प्रत्यक्ष मतदान हुनेछ !

१५.५ – निर्बाचन भाग लिने इच्छुक व्यक्तिले निर्बाचन हुने मिति भन्दा १५ दिन अगावै निर्बाचन समिति समक्ष कुन पदको लागि निर्बाचन लड्न चाहेको हो प्रस्ट खुलाई निबेदन पेश गर्नु पर्नेछ !

१५.६ – निर्बाचन समितिले निर्बाचन हुने मिति भन्दा १४ दिन अगावै संस्थाको वेब साईट मार्फत उम्मेदवारहरुको नामावली प्रकाशित गर्नु पर्नेछ !

१५.७ – निर्बाचन समितिले तोकेको अन्तिम समय सम्म कुनै उमेद्वारले पदको दाबी नगरेको खण्डमा साबिक कै पदाधिकारीलाई सो पद सुम्पिने छ ! अध्यक्षको हकमा परिच्छेद ४ को बुंदा ९.३ उल्लेखित कार्य समय सकिएमा निर्बाचन समितिको रोहोबरमा नयाँ कार्यकारिणी समितिले समितिको दक्ष सदस्यलाई अध्यक्ष पदमा निर्बाचित गर्नेछ र निजको पदपूर्ति समितिको सभाले चयन गर्न सक्नेछ !

१५.८ – निर्बाचन समितिले निर्बाचन सकिए कै दिन नयाँ कार्यकारिणी समितिको अध्यक्षलाई पद र गोप्यताको सफत ग्रहण गराउनु पर्नेछ र अध्यक्षले निर्बाचन समितिको रोहोबरमा आफ्ना कार्य समितिको पदाधिकारी र सदस्यहरुलाई पद र गोप्यताको सफत ग्रहण गराउनु पर्ने छ !

१५.९ – नयाँ कार्यसमितिको गठन लगतै पुरानो कार्यसमिति स्वत बिगठन हुनेछ र बिगठन कार्यसमितिले नयाँ कार्यसमिति गठन भएको २ हप्ता ( १४ दिन ) नकटाई केन्द्रीय समितिको हकमा क्षेत्रीय समितिको रोहोबरमा क्षेत्रीय समितिको हकमा केन्द्रीय समितिको रोहोबरमा संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति, कागजपत्र, हिसाब किताब नयाँ कार्यसमितिलाई बुझाउनु पर्नेछ !

## १६. उमेरवारको योग्यताको हकमा :

१६.१- अध्यक्ष पद उम्मेदवारको लागि आजिबन सदस्यता बन्नु पर्नेछ साथै २ कार्यकाल ( ४ बर्ष ) तथा १ कार्यकाल पदाधिकारी अर्थात् उपाध्यक्ष,महासचिब,सचिब,कोषध्यक्ष तथा सह-कोषध्यक्षमा रही तमु धीं जापानको कार्यसमितिमा बसेर काम गरेको वा संरक्षक एवं सल्लाहकारको जिम्मेवारी बहन गरेकाहरुले पनि अध्यक्ष पदमा उम्मेदवार हुन सक्नेछन ।

१६.२- अन्य संस्थाको प्रमुख ( अध्यक्ष ) पदमा बसेको व्यक्ति तमु धीं जापानको अध्यक्ष पदमा उम्मेदवार बन्न पाईने छैन !

१६.३ – उपाध्यक्ष,महसचिब ,सचिब,कोषध्यक्ष र सह-कोषध्यक्षको लागि १ कार्यकाल समितिमा रहेर काम गरेको हुनु पर्नेछ !

१६.४ - अन्य पदको लागि भने तमु धीं जापानको साधारण सदस्यता लिएका सम्पूर्ण तमु (गुरुङ ) जातिहरु उम्मेदवार बन्न पाउने छ !

१६.५ - आफ्नो जात ( थर ) फेरिएको वा त्यागेको पुरुष वा महिलाहरुको हकमा भने उम्मेदवार बन्न पाउने छैन !

१६.६ - आजिबन सदस्य बनेका संरक्षक तथा सल्लाहकार हरु पनि उम्मेदवार बन्न पाउने छ !

## <u>परिच्छेद – ८</u>

## <u>बिबिध</u>

**१७ . <u>बिधान संशोधन</u>**

कुनै कारणबश बिधान संशोधन गर्नु परेमा संशोधन प्रस्ताब केन्द्रीय समितिको दुई तिहाई सदस्यहरुको बहुमतले अनुमोदन गरि क्षेत्रीय समितिका सदस्यहरुको बहुमत पास गर्नु पर्नेछ ! संशोधन बिधान बारे समितिले आफ्नो वेब साईट मार्फत ढिलोमा १ हप्ता ( ७ दिन ) भित्र साधारण सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ र जानकारी प्रकाशित मितिबाट २ हप्ता ( १४ दिन ) भित्र कुनै बिरोध नआएको खण्डमा मात्र सो संशोधन विधानलाई कार्यन्ययन गर्न पाउने छ ! सो अवधिमा ५ जना भन्दा बढी साधारण सदस्यको हस्तक्षर भएको बिरोध पत्र दर्ता हुन आएमा बिरोध पत्र दर्ता भएको दिन देखि ढिलोमा १ महिना (३० दिन ) भित्र बिशेष साधारण सभा बोलाई साधारण सभाको बहुमतले पास गर्नु पर्नेछ !

१८ . **<u>बिघटन तथा हस्तान्तरण</u>**

यस संस्थाको बिघटन भएमा संस्थाको सम्पति तथा कोष सो बिघटनका प्रस्ताब पारित गरेको साधारण सभाले तोके अनुसार तमु (गुरुङ) लगायतका जनजातिहरुको हक हितको लागि कार्यरत कुनै पनि मुनाफा नकमाउने उद्येश्य भएको एक अविच्छिन्न उत्तराधिकारवाला संस्थालाई वा नेपालमा रहेका तमु राष्ट्रिय परिषद केन्द्रीय समितिलाई  हस्तान्तरण गर्न सक्नेछ !

१९. बिधानमा उल्लेख नभएका हकमा कुनै समस्या पर्न आएमा कार्यसमितिको बैठक बोलाई उपस्थित सदस्यहरुको दुई तिहार बहुमतले पारित गराई कार्यन्यन गरिने छ !

२०. विधानमा उल्लेख भएका कुनै बुंदाहरु एक अर्को बुंदासंग बाझिएमा यो स्वत : खारेज हुनेछ !

२१. यो बिधान र बिधान अन्तर्गत बनेको नियम विनियमको ब्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ !

**२२. पद तथा गोप्यताको सफथ :**

म ___________________ सत्य निष्ठापुर्बक एवं बिबेक पुर्बक यो सफथ लिन्छु कि यो बिधान र यसका अधिनमा बन्ने नियम र उपनियमहरुको पूर्ण पालना गरि मलाई विधानले दिएको

अख्तियारीको दुरूपयोग गर्ने,तमु धीं जापान लाई हानी नोक्सानी हुने कुनै पनि कार्यहरु गर्ने र गराउने छैन ! म तमु धीं जापानको मूल्य र मान्यताहरुलाई सर्बौउत्कृस्टको साथ आत्मसात गरिने मेरो प्रतिबद्धता अभिव्यक्त गर्दछु ! जय तमु धीं जापान

## संस्थाको लोगो तथा छाप

यस संस्थाको लोगो तथा छाप तल उल्लेख भए बोमोजिम हुनेछ !

तमु धीं जापान संशोधित बिधान २०२५

संयोजक : ओम गुरुङ ____________ सदस्य : रमेश कुमार गुरुङ ___________

सदस्य : हर्क गुरुङ _____________ सदस्य : श्री गुरुङ ____________

सदस्य : हिमाली गुरुङ _________ सदस्य : गिरि प्रसाद गुरुङ ______________

सदस्य : बिनय गुरुङ ____________